# मिथिला नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
प्रदेश नं. २, नेपाल

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय ढल्केबर, धनुषा २ नं. प्रदेश, नेपाल

**आर्थिक वर्ष २०७८/०७९ को नदीजन्य पदार्थको विक्रीका लागि(e-bidding) बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/०५/१८**

मिथिला नगरकार्यपालिकाको मिति २०७८/०४/१० को निर्णय बमोजिम, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २को घ (६) प्रदेश नं.२ को आर्थिक ऐन , २०७८ को दफा ७ र नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट मिति २०७७/०४/०५ मा स्वीकृत ढुंगा , गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, अनुसार यस मिथिला नगरपालिकाले तोकेका नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी मिथिला नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र , मू.अ. कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष २०७६ /७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू , कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा , अख्तियारनामा सहित तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको विधुतीय माध्यमबाट बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**<u>शर्तहरुः</u>**

१. बोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औ दिनको कार्यालय समय भित्र विधुतीय माध्यमबाट बोलपत्र खरिद गर्न सकिनेछ र विधुतीय माध्यमबाट बोलपत्र पेश गर्न बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ तथा बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२ : ०० भित्र रहनेछ। दर्ता हुन आएको बोलपत्रहरु ३१ औ दिनमा दिनको २ : ०० बजे मिथिला नगरपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्र फारामहरु खरिद , दर्ता र खोल्ने दिन सार्बजनिक विदा परेमा सोको भोलिपल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ र उक्त कार्य गर्न आफै उपस्थित हुन नसक्ने भएमा अधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ।

२. बोलपत्र फारम दस्तुर वापत यस कार्यालयको माच्छापुच्छ्रे बैंक, ढल्केवर शाखामा रहेको राजस्व खाता नं ११५००७९५८१०००८१ मा नगद रकम जम्मा गरेको भौचरको साथ धरौटी बापत कबोल अंकको मू .अ. कर बाहेक ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको माच्छापुच्छ्रे बैंक, ढल्केवर शाखामा रहेको धरौटी खाता नं . ११५००७९५८१०००४१ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल रास्ट्र बैंक बाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (बिड बोन्ड) पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र विधुतीय माध्यमबाट पेश गर्नुपर्नेछ । बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी प्रस्टसंग लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

४. बोलपत्र दिंदा कुनै प्रकारको शर्त मान्य हुने छैन साथै सबै भन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्र स्वीकृत गरिने छ।

५. यस नगरका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा नदीजन्य निर्यात सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवम् नेपाल सरकारबाट जारी भएका निर्देशनहरु तथा ढुंगा , गिट्टी तथा वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड , २०७७ को साथै मिथिला नगरपालिकाको ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन सम्बन्धि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछ।

६. ठेक्का अवधि २०७९ जेठ मसान्तसम्म रहनेछ। उल्लेखित न्युनतम ठेक्का रकम बार्षिक भएकोले ठेक्का स्वीकृत भएको फर्मको कबोल अंकलाई बाँकी अवधिको ठेक्का रकम भएकोले २ किस्तामा कुल कबोल रकम यस कार्यालयमा दाखिला गर्नुपर्नेछ।

७. स्वीकृत रकम बमोजिमको प्रथम किस्ता बापत ६०% बुझाइ सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि दोस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०७९ साल साउन मसान्तसम्मको बैंक ग्यारेन्टी (पर्फमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता २०७९ बैशाख मसान्त भित्र बुझाइ सक्नुपर्नेछ साथै ठेकदारले कबोल गरेको सम्पूर्ण रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा कबोल अंकको ५% रकम छुट दिइनेछ।

८. ठेक्का अवधिको प्रचलित कानुन अनुसार बुझाउनु पर्ने आयकर लगायतको अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ र ठेक्का रकमबाट घटाउन पाइनेछैन।

९. कारोबार गर्दा बालश्रमको प्रयोग गर्ने र बातावरणमा प्रतिकूल असर पर्ने प्रबिधि अपनाउन पाइने छैन।

१०.बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसंग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ।

११.ठेकेरदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन।

१२. ढुंगा, बालुवा, गिट्टी र ग्राभेल उत्खनन् गर्दा पुल , कल्भर्ट, कजवे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलको दायाँ वायाँ ५०० मिटरभित्र वन क्षेत्र नै व्यर कुक्तिको घर, जग्गा, कुलो, बाँध, सार्वजनिक स्थल आदिबाट निकाल्न पाइनेछैन।

१३. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१४. ठेकेदारले बन्द, हड्ताल र समय अभावको कारण देखाइ छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले छुट दिने छैन।

१५. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तब्य हुनेछ।

१६.कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बिशेष अवस्थामा सूचनामा उलेखित शर्त र समय हेरफेर गर्न सकिने छ।

१७. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१८.सूचना सम्बन्धी बिस्तृत विवरण यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेवसाइट www.mithilamun.gov.np मा समेत हेर्न सकिने छ। यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**यस ठेक्काको क्षेत्राधिकार मिथिला नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सवै नदीहरुरहनेछ**

| क्र. सं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थान | कुल उत्खनन् परिमाण (क्यु. फिट) | उत्खनन् बस्तु | न्युनतम अकं ठेक्का रकम (सेवा शुल्क र भ्याट बाहेक) | न्युनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | **01/NCB/G/ MM/078/79** | नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि)उत्खनन् संकलन तथा बिक्री वितरण | रातु नदी (खण्ड सी बाहेकका क्षेत्र मात्र) | १९०२२२४ | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | ३,५०,००,०००।०० (तीन करोड पचास लाख मात्र) | कबोल अंकको कबोल अंकको ५% | रु.५,०००|- |
| | | | जलाद जगधर नदी | २०२४४४ | | | | |
| | | | औरही नदी | २०२४४४ | | | | |
| | | | बसही नदी | २०२४४४ | | | | |
| | | | बडहरी नदी | २०२४४४ | | | | |
| | | | **जम्मा** | **१००००००००** | | | | |